# स्थानीय राजपत्र

**रोहिणी गाउँपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) रोहिणी गाउँपालिका, श्रावण १ गते, २०७६ साल (संख्या २**

## भाग–१

### रोहिणी गाउँपालिका, रुपन्देही

रोहिणी गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**संवत् २०७६ सालको ऐन नं. २**

**ऐनको नाम : रोहिणी गाउँपालिकाको विनियोजन ऐन, २०७६**

**प्रस्तावनाः**

रोहिणी गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम रोहिणी गाउँपालिका रुपन्देहीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "रोहिणी गाउँपालिका रुपन्देहीको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ श्रावण १ गते देखि लागु हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३८,६२,९३,०००।- (अक्षेरुपी: अठतिस करोड बैसट्ठी लाख त्रियानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि यो ऐन प्रमाणिकरण पश्चात कुनै मन्त्रालय, संघ-संस्था, दातृनिकाय लगायत अन्य कुनै स्थानबाट निशर्त या सशर्त कार्यक्रमको रुपमा खर्च गर्ने गरी गाउँपालिकाको सञ्चित कोषमा थप रकम प्राप्त हुन आएमा गाउँकार्यपालिकाको स्वीकृती लिई खर्च गर्न वाधा पुग्ने छैन ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त रोहिणी गाउँपालिका रुपन्देहीको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१
## (दफा) २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट बिनियोजन हुने रकम : ३८,६२,९३,०००।-

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | बित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका र गाउँकार्यपालिका , वडा समिति प्रदेश, संघबाट प्राप्त | २३१८८८०००।- | १५४४०५०००। - | ०।०० | ३८६२९३०००। - |
| २ | | ऋणको सावा व्याज भुक्तानी | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ३ | | लगानी (शेयर /ऋण) | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | | **जम्मा** | २३१८८८०००। - | १५४४०५०००। - | ०।०० | ३८६२९३०००। - |

आज्ञाले
**मिनप्रसाद भट्टराई**
प्रमुख प्रशासकीय अधिकृत